लोक सेवा आयोग

# खोटाङ कार्यालय

दिक्तेल

## राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको परीक्षा केन्द्र कायम गरिएको सूचना

### सूचना नं. २४ /०७९-८०, मिति २०७९/०८/०७

यस कार्यालयको रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरह पदको विज्ञापन नं. १०९५३-१०९५८/०७७-७८ (खुला तथा समावेशी) को निर्धारित परीक्षा प्रणाली अन्तर्गत प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा एवम् विज्ञापन नं. १०९५२/०७७-७८ (आ.प्र.) अन्तर्गत परीक्षा केन्द्र खोटाङ, दिक्तेल राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम आयोगको सूचना नं. २२६/२०७९-८०, मिति २०७९।०५।१४ बमोजिम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गरी/गराई निम्न मिति, समय र स्थानमा सञ्चालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | सेवा/ समूह | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | १०९५३-१०९५८ /०७७-७८ (खुला तथा समावेशी) | संयुक्त तथा एकीकृत | **द्वितीय पत्र** कार्यालय व्यवस्थापन | विषयगत | २०७९।०८।२३ दिनको २:०० देखि (२ घण्टा ३० मिनेट) | **श्री सरस्वती मा.वि. खोटाङ, दिक्तेल** केन्द्र क *(रोल नं. ११०००२–११०६६९)* केन्द्र ख *(रोल नं. ११०६६१–१११८९३)* केन्द्र ग *(रोल नं. १११८९४–११२७५१)* |
| | | | **तृतीय पत्र** कार्य ज्ञान सम्बन्धी | | २०७९।०८।२४ दिनको २:०० देखि (२ घण्टा ३० मिनेट) | |
| २ | १०९५२ /०७७-७८ (आ.प्र.) | न्याय, प्रशासन र लेखापरीक्षण सेवाको संयुक्त | **प्रथम पत्र** सामान्य ज्ञान | वस्तुगत | २०७९।०८।२५ दिनको २:०० देखि (४५ मिनेट) | **श्री लोक सेवा आयोग खोटाङ कार्यालय, दिक्तेल** *(सम्पूर्ण परीक्षार्थीहरु)* |
| | | | **द्वितीय पत्र** सेवा सम्वन्धित कार्य ज्ञान | विषयगत | २०७९।०८।२६ दिनको २:०० देखि (२ घण्टा ३० मिनेट) | |

**द्रष्टव्य १**

क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ।

ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।

ग) परीक्षा भवनमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्ने छ।

ङ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाइने छैन।

च) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्ने छ।

छ) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

ज) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्ने छ।



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com

द्रष्टव्य २

***संक्रमणको विशेष अवस्थामा आयोगको परीक्षा सञ्चालन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) अनुसार परीक्षार्थीले अनिवार्यरुपमा पालना गर्नुपर्ने विषयहरु:***

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने छ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ।
- परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।
- परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
- **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै मोबाइल नम्बर ९८४२८४७००३ मा सम्पर्क गरी आफ्नो दर्ता नम्बर र नाम थर समेत टिपाउनुपर्ने छ।**

..............................

(भगतप्रसाद आचार्य)

नायव सुब्बा

..............................

(ध्रुव कुमार राई)

शाखा अधिकृत



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com
Website:- www.psc.gov.np